NEPAL CLEARING HOUSE

नेपाल राष्ट्र बैंकबाट "भुक्तानी प्रणाली सञ्चालक" को कार्य गर्न अनुमतिपत्रप्राप्त संस्था

ECC चेकबाट कारोबार गरौं | IPS सरल भुक्तानीको माध्यम | connectIPS pay direct from bank | connectRTGS | NPI | CORPORATEPAY | nPS National Payment Switch | NEPALPAY

# बाह्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(पहिलो पटक प्रकाशित हुने मिति २०८०/०७/२६)

श्री शेयरधनी महानुभावहरू,

यस कम्पनीको सञ्चालक समितिको मिति २०८०/०७/२४ मा बसेको २२६ औं बैठकको निर्णय बमोजिम यस कम्पनीको बाह्रौं वार्षिक साधारण सभा देहाय बमोजिमका मिति, स्थान र समयमा निम्न विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) अनुसार सबै शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, स्थान र समय :-**

**मिति :** २०८० साल मंसिर महिना १७ गते आइतबार (तदनुसार 3rd December 2023, Sunday)
**स्थान :** होटल र्‍याडिसन, लाजिम्पाट, काठमाडौं ।
**समय :** दिउँसो १२:१५ बजे

**छलफल गर्ने विषयहरु :-**

**क. साधारण प्रस्तावः**

१. सञ्चालक समितिको आ.व. २०७९/८० को प्रतिवेदन पारित गर्ने ।
२. लेखापरीक्षण प्रतिवेदनसहितको २०८० आषाढ मसान्तसम्मको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७९/८० को नाफा नोक्सान हिसाब तथा नगद-प्रवाह विवरण स्वीकृत गर्ने ।
३. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम १.५० प्रतिशत नगद लाभांश (रु. १,१७,५०,६३७) बोनस शेयर वापतको कर प्रयोजनका लागि स्वीकृत गर्ने ।
४. आ.व. २०८०/८१ को लागि वाह्य लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

**ख. विशेष प्रस्तावः**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २८.५० प्रतिशत बोनस शेयर (दशमलबलाई राउन्ड गर्दा हुन आउने २२,३२,६२१ कित्ता) स्वीकृत गर्ने ।
२. कम्पनीको अधिकृत पूँजी बृद्धि गरी रु. २ अरब पुऱ्याउन स्वीकृत गर्ने । अधिकृत पूँजी वृद्धि गर्न र बोनस शेयर बराबर चुक्ता पूँजी वृद्धि गर्न प्रबन्धपत्रको संशोधन स्वीकृत गर्ने ।
३. प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुबाट कुनै फेरबदल वा सुझाव प्राप्त हुन आएमा आवश्यक फेरबदल गर्न कम्पनीको सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको कुनै पदाधिकारीलाई अधिकार प्रत्यायोजन गर्ने अख्तियारी दिने ।
४. अन्य उपयुक्त संस्थासँग गाभ्न/गाभिन वा प्राप्ति गर्न उपयुक्त देखिएमा कम्पनीको शेयर स्वामित्व संरचनामा साविक झैं नेपाल राष्ट्र बैंक र बैंक वित्तीय संस्थाहरु मात्रै कायम रहने गरी गाभ्न/गाभिन वा प्राप्ति गर्ने कम्पनीको मूल्याङ्कनका लागि मूल्याङ्कनकर्ता नियुक्त गर्ने, गाभ्न/गाभिन वा प्राप्ति गर्ने सम्बन्धी सम्झौता गर्ने तथा सो सम्बन्धी आवश्यक अन्य सम्पूर्ण कार्य अगाडि बढाउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।
५. वित्तीय तथा भुक्तानी सम्बन्धी प्रविधिमा अनुसन्धान लगायत प्रविधि र सफ्टवेयरको विकास समेत गर्ने उद्देश्यसहित कम्पनीको सहायक कम्पनीको रुपमा छुट्टै पब्लिक लिमिटेड कम्पनी खोल्ने सम्बन्धमा सम्भाव्यता अध्ययन, यस सम्बन्धमा गर्नुपर्ने समन्वय र अन्य आवश्यक प्रक्रिया अघि बढाउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ग. विविध ।**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धी अन्य जानकारी**

(१) शेयरधनीज्यूहरुको ठेगानामा हुलाक/कुरियरबाट पठाइने वार्षिक साधारण सभाको प्रतिवेदन यस कम्पनीको वेभसाइट www.nchl.com.np मा पनि हेर्न सकिनेछ । कुनै कारणले प्रतिवेदन प्राप्त नगर्नु हुने शेयरधनीज्यूहरुले यस कम्पनीको रजिष्ट्रर्ड कार्यालयमा शेयरधनी प्रमाण-पत्र प्रस्तुत गरी सो प्राप्त गर्न सक्नु हुनेछ ।
(२) लेखापरिक्षकको प्रतिवेदन सहित कम्पनीको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन, कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिमको प्रतिवेदन समेतका कागजातहरु कम्पनीको रजिष्ट्रर्ड कार्यालय, कमलादी काठमाडौंमा कार्यालय समय भित्र निरीक्षण गर्न तथा त्यसको प्रतिलिपी माग गरेमा प्रतिलिपी दिने व्यवस्था मिलाईएको छ ।
(३) सभामा उपस्थित हुने शेयरधनी कम्पनीको प्रतिनिधित्व गर्ने आधिकारिक पत्र साथमा लिई आउनुहुन अनुरोध छ । कथम कदाचित् सो सम्भव नभए शेयरधनी प्रमाण-पत्र साथमा लिई आउनुहुन अनुरोध छ, अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाइने छैन ।
(४) सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीज्यूहरूले सभा सुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगावै यस कम्पनीको केन्द्रीय कार्यालयमा प्रोक्सी फारम दर्ता गरिसक्नु पर्नेछ । सभामा भाग लिनका लागि प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्के मुकर्रर गर्ने भएमा सोको लिखित सूचना सोही अवधिभित्र कम्पनीको केन्द्रीय कार्यालयमा दर्ता गरिसक्नुपर्नेछ ।
(५) शेयरधनीज्यूहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभास्थलमा सभा हुने दिन विहान ११:३० बजे देखि सभा चालु रहेसम्म खुल्ला रहनेछ ।
(६) अन्य कुनै जानकारीका लागि कम्पनीको रजिष्ट्रर्ड कार्यालय, कमलादी, काठमाडौंमा सम्पर्क गर्नु हुन अनुरोध छ ।


**नेपाल क्लियरिङ्ग हाउस लिमिटेड**

तेश्रो तल्ला, डि. डि. प्लाजा, कमलादी, काठमाडौं
पो.ब.नं. २१४००, फोन नं. ०१-५९७००६५
**www.nchl.com.np**


Size: 4x28